# ढोरपाटन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बुर्तिवाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८०/०८१
चलानी नं.:

मितिः २०८०/०९/०४

**ढोरपाटन सामुदायिक होटल भाडामा सञ्चालन गर्ने सम्बन्धी शीलबन्दी दरभाउ पत्र आह्वानको सूचना !!!**

(सूचना प्रकाशित मिति : २०८०।०९।०४ गते)

यस ढोरपाटन नगरपालिका, नगर कार्यपालिकाको निर्णय बमोजिम नगरपालिको वडा नं. ९ ढोरपाटनमा रहेको ढोरपाटन सामुदायिक होटल सञ्चालन सम्बन्धी कार्य गर्न इच्छुक फर्म वा कम्पनीहरूलाई यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म खरिद गरी १६ औँ दिनको अपराह्नको ४ बजे भित्रमा तपसिलमा उल्लिखित शर्तको अधीनमा रहने गरी नियमपूर्वक शीलबन्दी दरभाउ पत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

- **दरभाउ पत्र पेश गर्दा पालना गर्न पर्ने शर्तहरू :**

१. शीलबन्दी दरभाउ पत्र निवेदन पेश गर्दा दरभाउ पत्र दाताले कबोल गरेको वार्षिक रकमको २.५ प्रतिशतले हुन आउने रकम धरौटी बापत यस ढोरपाटन नगरपालिका, नगर कार्यपालिका कार्यालयको नेपाल बैङ्क लिमिटेड, बुर्तिबाङमा रहेको जमानत धरौटी खाता नं. १२१०३००००३००००००००१ मा रकम जम्मा गरेको भौचर सहित दरभाउ पत्र पेश गर्नुपर्नेछ ।

२. दरभाउ पत्रमा उल्लेख गरिएको दररेट अंक र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

३. दरभाउ पत्र बुझाउने म्यादको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट समेत पेश गर्न सकिनेछ ।

४. दरभाउ पत्र निवेदन नेपाली नागरिकताको प्रमाणपत्र, नवीकरण गरेको व्यवसाय दर्ता प्रमाणपत्र, कर चुक्तो प्रमाणपत्रको प्रतिलिपि सहित यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

५. म्याद नाघेर आएका, सर्त सहितका तथा रीत नपुगेका दरभाउ पत्र माथि कुनै किसिमको कारबाही हुने छैन ।

६. दरभाउ पत्र बुझाउने अन्तिम दिन ढोरपाटन नगरपालिका, नगर कार्यपालिकामा सम्बन्धित दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा वा अनुपस्थितिमा पनि खोलिनेछ ।

७. दरभाउ पत्र स्वीकृत सम्बन्धी जानकारी ढोरपाटन नगरपालिका, नगर कार्यपालिकाको सूचना पाटीमा टाँस गरिनेछ ।

८. सामुदायिक होटल भाडामा सञ्चालन गर्ने फर्म वा कम्पनीले यस कार्यालयको नेपाल बैङ्क लिमिटेड, बुर्तिबाङमा रहेको आन्तरिक राजश्व खाता नं. १२१०३०००००१००१००००००१ मा एकमुष्ठ रुपमा ६ महिना बराबरको भाडा रकम अग्रिम भुक्तानी गर्नुपर्नेछ र त्यसपछि मासिक भाडा बापतको रकम प्रत्येक महिनाको १० गते भित्र भुक्तानी गर्नुपर्नेछ ।

९. यस कार्यालयको नेपाल बैङ्क लिमिटेड, बुर्तिबाङमा रहेको आन्तरिक राजश्व खातामा रु. १००० ( अक्षरुपी एक हजार रुपैयाँ ) शुल्क जम्मा गरेको भौचर यस कार्यालयमा पेश गरेपछि शीलबन्दी दरभाउ फारम प्राप्त गर्न सकिनेछ ।

१०. दरभाउ पत्र दाताले दरभाउ पत्र निवेदनमा उल्लेखित सम्पूर्ण सर्तहरू पालन गर्नु पर्नेछ ।

११. सामुदायिक होटल सञ्चालनको सम्झौताको अवधि २ (दुई) वर्ष सम्मको हुनेछ । निजले प्रवाह गरेको सेवा सन्तोषजनक भएमा नगर कार्यपालिकाको निर्णयबाट दुई वर्ष म्याद थप गर्न सकिनेछ ।

१२. अन्य विषयहरु दुई पक्षीय सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१३. दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगर कार्यपालिका कार्यालयमा निहित रहनेछ ।

१४. थप जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क नं. ०६८४१०१८२ मा सम्पर्क राख्न सकिनेछ ।

| क्र.सं. | दरभाउ पत्र को विवरण र कारोबारको किसिम | भाडामा लगाउने संरचनाको विवरण | नगरपालिकाले तोकेको मासिक न्यूनतम भाडा (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| १ | ढोरपाटन सामुदायिक होटल | कोठा - १४<br>बाथरुम - १<br>शौचालय -४ | रु. ३५०००/- (अक्षरुपी पैतिस हजार रुपैयाँ) |

२०८०।०९।०४

विष्णु प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत